म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ३ २०८१ मंसिर ४ गते मंगलबार 19 November 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## कान्छामान मृत फेला

हेटौँडाः नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-५, मा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सिन्धुलीको हरिहरपुर गाउँपालिका-६ घर भई हाल बेलकोटगढी नगरपालिका-५, चतुर्भुज बस्ने ४५ वर्षीय कान्छामान लो रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। आइतबार बिहान ११ बजेर ३० मिनेटको समयमा कान्छामान चतुर्भुजस्थित सार्वजनिक टहरोमा मृत अवस्थामा फेला परेका थिए। अनुसन्धानका क्रममा कान्छामानले अत्याधिक मादकपदार्थ सेवन गर्ने गरेको र ५ दिनदेखि बिरामी रहेको प्रहरीले जानकारी दिएको छ। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुलीको शवगृहमा राखिएको छ ।

### बागमतीमा २१ महिनामा ३ वटा मन्त्रालय थपिए

# मन्त्रालय थपिए पनि मन्त्रीको जिम्मेवारी तोकिएन

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशमा २१ महिनाको अवधिमा ३ पटक मन्त्रालय विभाजन गरिएको छ। तत्कालिन मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारले १८ महिनाको अवधिमा २ पटक र हालका मुख्यमन्त्री बहादुर सिंह लामाले साढे ३ महिनामा एक पटक मन्त्रालय विभाजन गर्नुभएको छ ।

३ फरक सत्ता समीकरणमा सन्तुलन कायम गर्न जम्कट्टेल र लामाले ३ पटक मन्त्रालय विभाजन गर्दै ३ वटा मन्त्रालय थप गरिएको छ। मुख्मयन्त्री लामाले कांग्रेस एमालेको सत्ता गठबन्धनबाट १४ मन्त्री नियुक्त गर्नुहुँदै मन्त्रालय विभाजन गर्नुभएको हो। प्रदेशमा कायम रहेको १३ मन्त्रालयमा मुख्यमन्त्री लामाले साउन ९ र १२ मा १४ मन्त्री नियुक्त गर्नुभयो। कांग्रेसका बिना विभागीय मन्त्री मदुकुमार श्रेष्ठलाई जिम्मेवारी तोक्न उहाँले मन्त्रालय फुटाउनुभएको हो ।

यसअघि नेकपा माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेलले कांग्रेस, एकीकृत समाजवादी सम्मिलित सत्ता समीकरणका लागि गत २०८० भदौ ५ मा मन्त्रालय विभाजन गर्नुभएको थियो । तत्कालिन समयमा सत्ता साझेदारी गरेको कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिन मन्त्रालय विभाजन गरिएको थियो । ३ महिना बिनाविभागीय मन्त्री रहनुभएका चित्रकारलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय खडा गरी मुख्यमन्त्री जम्कट्टेलले विभाग तोक्नुभएको थियो ।

जम्कट्टेलले पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय विभाजन गरेर थपिएको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय बनाउनुभएको थियो । चित्रकार २०८० जेठ ७ मा मन्त्री नियुक्त हुनुभएको थियो । जम्कट्टेलले सत्ता समीकरण परिवर्तनपछि जेठ २ मा पुनः मन्त्रालय विभाजन गर्ने निर्णय गर्नुभएको हो। उहाँले सामाजिक विकास मन्त्रालय विभाजन गरी युवा तथा खेलकुद मन्त्रालय कायम गर्नुभयो ।

प्रदेश सरकार स्थापनादेखि हालसम्म ५ पटक मन्त्रालय विभाजन गरिएको छ। ७ बर्षको अवधिमा ५ पटक मन्त्रालय विभाजन गरिएको हो। सरकारको नेतृत्व गुम्ने र सत्ता गठबन्धनमा भागबण्डा मिलाउनकै लागि दलहरुले मन्त्रालय विभाजन गरेका हुन् । प्रदेश स्थापनाका बखतका मुख्यमन्त्री डोरमणि पौडेलले ४३ महिना ७ वटा मन्त्रालय कायम राखेर सरकार सञ्चालन गर्नुभएको थियो । एमालेबाट सरकारको नेतृत्व गर्नुभएका पौडेलले पार्टीभित्र समस्या देखिएपछि शासन सत्ता एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई हस्तान्तरण गर्दै पहिलो पटक २०७८ मा मन्त्रालय विभाजन गरिएको थियो। एमाले विभाजनलाई रोक्न तत्कालिन मुख्यमन्त्री शाक्यको नेतृत्वमा प्रदेशको ७ मन्त्रालयलाई ८ वटा बनाइएको थियो ।

७० दिन सरकारको नेतृत्व गर्नुभएकी शाक्यले २०७० कात्तिक ११ मा सरकार छाड्नु पर्‍यो र एमाले सरकारबाट प्रतिपक्षमा पुग्यो। कात्तिक ११ मा तत्कालीन गठबन्धन दल कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीबाट मुख्यमन्त्री बन्नुभएका राजेन्द्र प्रसाद पाण्डेले ८ मन्त्रालयलाई बढाएर १४ पुर्‍याउनुभएको थियो । १४ महिना १४ मन्त्रालय बनाएर शासन सत्ता चलाउनु भएका पाण्डेको उक्त निर्णय २०७९ को आम निर्वाचनपछि गठित सरकारले परिवर्तन गरेको थियो । त्यस लगत्तै मुख्यमन्त्री बन्नुभएका जम्कट्टेलले १४ मन्त्रालयलाई घटाएर ११ कायम गर्नुभएको थियो । जम्कट्टेलले २०७९ माघ १० मा मन्त्रालय संख्या घटाएर ११ वटा कायम गर्नुभएको थियो ।

मन्त्रालयको संख्या घटाउन जम्कट्टेलले मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका तत्कालीन प्रमुख सचिव मुकुन्द निरौलाको संयोजकत्वमा कार्यदल बनाएर अध्ययनसमेत गराउनुभएको थियो। सोही अध्ययन प्रतिवेदन अनुसार जम्कट्टेलले ११ वटा मन्त्रालय कायम गर्ने निर्णय गर्नुभएको थियो। १८ महिना शासन गर्नुभएका जम्कट्टेल नेतृत्वको सरकार ढलेपछि साउन ९ मा सरकारको नेतृत्व कांग्रेसका बहादुर सिंह लामाले लिनुभएको थियो । उहाँले नेतृत्व लिनुभएको ११० दिनपछि मन्त्रालय विभाजन गरी १४ कायम गरिएको छ । उहाँले गरिबी निवारण तथा सहकारी मन्त्रालय बनाउनुभएको छ । मन्त्रालय विभाजन गरेपनि मुख्यमन्त्री लामाले मन्त्रीको जिम्मेवारी भने तोक्न सक्नुभएको छैन । बिना विभागीय मन्त्री श्रेष्ठले अझै जिम्मेवारी पाउने अवस्था छैन ।

### मकवानपुर क्याम्पस र जापानको क्याम्पसबीच सम्झौता

# शैक्षिक अध्ययन, अनुसन्धानमा सहकार्य हुने




*सम्झौतामा हस्ताक्षर गर्नुहुँदै डा. यमबहादुर सिलवाल र प्रा. डा. सचिमोची ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र जापानको क्योटो कलेज अफ ग्राजुयट स्टडिज फर इन्फर्मेटिक्स (केसीजीआई) बीच आपसी सहकार्यसम्बन्धी सम्झौता भएको छ । आइतबार मकवानपुर बहुमुखी क्याम्पसको सभाकक्षमा क्योटो कलेज र मकवानपुर क्याम्पसबीच सम्झौता भएको हो ।

सन् २००४ मा जापानमै पहिलो पटक स्नातक तहमा कम्प्युटर शिक्षा सुरुवात गर्ने क्योटो कलेज र मकवानपुर क्याम्पसबीच शैक्षिक अध्ययन, अनुसन्धान, तालिम, कार्यशाला, प्राध्यापक तथा विद्यार्थी आदानप्रदान, शैक्षिक गुणस्तर अभिवृद्धिमा सहकार्य गर्ने उद्देश्यले सम्झौता गरिएको हो । दुबै पक्षले एक पटकमा बढीमा २ जना प्राध्यापक र १० जना विद्यार्थीलाई एक अर्काको क्याम्पस, विश्वविद्यालय भ्रमणको कार्यक्रम सञ्चालन गर्न सक्ने सम्झौतामा उल्लेख छ। दुई क्याम्पस बीचको सम्झौता अवधि ५ बर्षको हुनेछ ।

मकवानपुर बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले हस्ताक्षर गर्नुभएको छ । सम्झौताअनुसार मकवानपुर क्याम्पसको संयोजकको रुपमा सहायक क्याम्पस प्रमुख उत्तम अर्याल रहनुभएको छ। यस्तै क्योटो कलेजको तर्फबाट उपाध्यक्ष प्राध्यापक डा. ग्यारी होइची सुचिमोचीले हस्ताक्षर गर्नुभएको छ । क्योटोको तर्फबाट संयोजकमा आनन्द नेपाल रहनुभएको छ। सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेल र उपाध्यक्ष अशोक शाक्यको पनि उपस्थिति रहेको थियो ।

जापानी कलेजसँगको सम्झौताले मकवानपुर क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि, प्राध्यापक, कर्मचारी, विद्यार्थीको क्षमता विकासका लागि पनि महत्वपूर्ण हुने मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभयो । विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर मापनमा सुनिश्चितता प्राप्त गरेको मकवानपुर बहुमुखी क्याम्पसले विदेशी क्याम्पस तथा विश्वविद्यालयहरुसँग सम्झौता गर्नुपर्ने आवश्यकतालाई पूरा गर्दै अगाडि बढेको उहाँको भनाइ छ । यसपछि अष्ट्रेलिया, अमेरिका, बेलायतसँगै थप मुलुकका शैक्षिक संस्थासँग पनि साझेदारीको प्रयास हुने डा. सिलवालले जानकारी गराउनुभएको छ।

# ३ दलका ४ नेता एमालेमा



*एमाले प्रवेश गरेका नेताहरुलाई स्वागत गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः विभिन्न ३ दलका नेता नेकपा एमालेमा प्रवेश गरेका छन्। नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयमा सोमबार दिउँसो बीपी काँग्रेस मकवानपुरका सभापति रमेश ढकाल, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी मकवानपुर जिल्ला सचिवालय सदस्य सानुभाइ बिश्वकर्मा, जिल्ला सदस्य विनोद रिजाल र नेकपा माओवादी केन्द्र मकवानपुरका विनोद ढकाल एमाले प्रवेश गर्नुभएको हो ।

नेकपा एमाले मकवानपुरको सचिवालयमा एमाले नेताहरुले चारैजनालाई स्वागत गरेका हुन् । नेकपा एमाले केन्द्रीय कृषि विभागका प्रमुख केदार न्यौपाने, केन्द्रीय सदस्य एवम् नेकपा एमाले मकवानपुरका ईन्चार्ज रामेश्वर राना, प्रदेश कमिटी सदस्य कमल विष्ट, जिल्ला अध्यक्ष श्रीधर पोखरेलसहित नेता, कार्यकर्ताले चारैजनलाई स्वागत गरेका थिए । हेटौँडा उपमहानगरपापलिका १२ नम्बर वडामा उपनिर्वाचन लक्षित राजनीतिक क्रियाकलाप बढिरहेको बेला जिल्लास्तरीय नेताहरु एमालेमा प्रवेश अर्थपूर्ण हुने नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले जानकारी दिनुभएको छ ।

# निरमायाको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको गल्छी गाउँपालिका-७, बाईसकिलोमा भारतीय डिब्बा गाडीले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका-१ की ३८ वर्षीया निरमाया राना मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। आइतबार साँझ ५ बजेर ४० मिनेटको समयमा काठमाडौँबाट गजुरीतर्फ जाँदै गरेको एम एच ४६ बीएम १७६२ नम्बरको भारतीय डिब्बा गाडीले ठक्कर दिँदा मगर घाइते भएकी थिइन् । घाइते मगरलाई उपचारका लागि अम्बेभरोसा अस्पताल लगिएको थियो । सामान्य उपचार पश्चात थप उपचार का लागि काठमाडौं टिचिङ अस्पताल लगिएकोमा राती ८ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# लागूऔषध मुद्दामा फरार मकवानपुरका ५ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः बारा जिल्ला प्रहरीले लागूऔषध गाँजासम्बन्धी मुद्दामा फरार भएका प्रतिवादीहरुलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले लागूऔषध गाँजाको मुद्दामा फरार रहेका मकवानपुर जिल्लाका ५ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

बारा जिल्ला अदालतले विभिन्न मितिमा फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना तोकिएर फरार रहेका उनीहरुलाई आइतबार पक्राउ गरेर जिल्ला अदालत बारामा पेश गरेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ। लागूऔषधको मुद्दामा हेटौँडा-१६, हटियाका विकास थिङ, शुक्रबहादुर मोक्तान, शालिकराम वाईबा, पिपलाल वाईबा, अजय कुमार थिङ पक्राउ परेका हुन्। उनीहरुलाई बारा जिल्ला अदालतले १ बर्ष २९ दिन कैदको सजाय र ६ हजार रुपैयाँको जरिवाना फैसला गरेको बारा प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रकाश थिङले जानकारी दिनुभएको छ ।

सञ्चालनमा आयो

पशुपति ईभी चार्जिङ स्टेशन

हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित

सम्पर्कः ९८५५०६८८७३

हार्दिक बधाई

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशन हुँदै आएको **समृद्ध समाज राष्ट्रिय दैनिक** प्रकाशनको **१५ बर्ष पूरा गरी १६ औं बर्ष**मा प्रवेश गरेकोमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं ।

किरण अधिकारी, प्रोप्राइटर
एवम् नेपोलियन हेयर एण्ड ब्युटी एकेडेमी परिवार
हेटौँडा-४, स्कूलरोड

## सम्पादकीय

# “मिसन ८४” को रिहर्सल

आगामी मंसिर १६ गते विभिन्न स्थानीय तहमा उपनिर्वाचन हुँदैछ । उक्त उपनिर्वाचनका लागि आइतबार उम्मेदवारको मनोनय दर्ता गरिएको छ । विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुन लागेको हो । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि मंसिर १६ गतेका दिन मतदान हुनेछ । स्थानीय तहको उपनिर्वाचनमा ४४ पदका लागि ४ सय १० जनाको उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार रिक्त रहेको ८ गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख ८ जनाका लागि ८४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । रिक्त ३४ वडाध्यक्ष पदका लागि ३ सय २३ जनाको मनोनयन दर्ता भएको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ को रिक्त वडाध्यक्ष पदका लागि पनि १४ जनाले मनोनयन दर्ता गराएका छन् ।

२०७९ बैशाखमा स्थानीय तहको निर्वाचन भएको थियो । उक्त निर्वाचन भएको साढे दुई वर्ष बितिसकेका कारण अहिले हुन लागेको उपनिर्वाचनलाई जनमत बुझ्ने महत्वपूर्ण आधार मानिएको छ । सबैजसो राजनीतिक दलहरुले २०८४ सालमा हुने निर्वाचनलाई “मिसन ८४” को रुपमा तयारी गर्न थालेका कारण अहिले हुन लागेको उपनिर्वाचन महत्वपूर्ण हुने अनुमान गर्न सकिन्छ । सातै प्रदेशका ३१ जिल्लाका विभिन्न स्थानीय तहमा उपनिर्वाचन हुन लागेका कारण यसको परिणामले देशभरको जनमतलाई बुझ्न राजनीतिक दलहरुलाई सहयोग गर्दछ । २०७९ पछि कुन दल लोकप्रिय हुँदैछ र कुन दलको जनमत कमजोर बनेको छ भन्ने अनुमान गर्न आगामी उपनिर्वाचन उपयोगी हुने भएकाले सबैजसो दल तथा उम्मेदवारले यो निर्वाचनलाई प्रतिष्ठाको रुपमा लिने निश्चित छ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ । सोही अनुसार देशका विभिन्न स्थानीय तहसँगै हेटौंडा-१२ मा पनि उपनिर्वाचन हुन लागेको हो । हेटौंडा-१२ का वडाध्यक्ष ललितकुमार घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख निर्वाचित भएपछि वडाध्यक्ष पद रिक्त थियो । आइतबार उक्त पदका लागि ९ राजनीतिक दल र ५ जना स्वतन्त्र गरी १४ जनाको उम्मेदवारी दर्ता भएको छ । आयोगको निर्वाचन कार्यतालिका अनुसार मंसिर ५ गते उम्मेदवारको अन्तिम नामाबली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिनेछ । त्यसपछि निर्वाचनको प्रचारप्रसारले तिब्रता पाउनेछ ।

विगतको निर्वाचन परिणाम हेर्ने हो भने हेटौंडा-१२ मा कांग्रेस, एमाले र माओवादीबीच नै प्रतिस्पर्धाको सम्भावना छ । वैकल्पिक राजनीतिक दल तथा स्वतन्त्र रुपमा निर्वाचन जितेका केही व्यक्तिको चर्चाका कारण निर्वाचन परिणाम अनुमान गर्न सहज देखिँदैन । आगामी उपनिर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न सबै राजनीतिक दल तथा उम्मेदवारहरु जुट्ने नै छन् । हेटौंडा-१२ मा यस अघिका दुईवटै स्थानीय तह निर्वाचन माओवादीले जितेको भए पनि २०७९ को निर्वाचनमा माओवादीसँग कांग्रेस र एमालेका उम्मेदवारको मतान्तर क्रमशः ३१ र ४६ मात्र रहेकाले तीनवटै दलका उम्मेदवारबीच प्रतिस्पर्धा हुने अनुमान गर्न सकिन्छ । दलीय प्रतिष्ठा बनेको स्थानीय तह उपनिर्वाचनले “मिसन ८४” को रिहर्सल हुने अनुमान गरिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय ठिकै रहने समय योग देखिन्छ ।
**वृष** : अनावश्यक चिन्ताले सताउने समय योग छ ।
**मिथुन** : मानसिक असन्तुलनमा कमी आउने समय छ ।
**कर्कट** : शारीरिक थकान र अल्छीपन बढ्ने समय योग छ ।
**सिंह** : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।
**कन्या** : पढाइ–लेखाइका कामहरु मध्यमकारक रहलान् ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ ।
**वृश्चिक** : धार्मिक तथा परोपकारजन्य काममा सरिक ।
**धनु** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
**मकर** : सामाजिक क्रियाकलापमा सरिक भइने छ ।
**कुम्भ** : पद– प्रतिष्ठामा अभिवृद्धि हुने समय योग छ ।
**मीन** : स्वास्थ्यका क्षेत्रमा देखिएका समस्याहरु समाधान ।

# आजको अव्यावहारिक राजनीति



**ध्रुव सिम्खडा**




आम सर्वसाधारण अन्यमनस्क स्थितिमा छन् । कसलाई पत्याउने ? कसलाई नपत्याउने ? कुन समाचार ठीक ? कुन बेठीक ? कुन नेता/पार्टी ठीक ? कुन बेठीक ? खुट्याउन सरल छैन आजको राजनीति । ढाँट, छलकपट र भ्रमै-भ्रमको बीचमा सही र गलत राजनीतिकर्मीलाई पर्गेल्नुपर्ने चुनौती सर्वसाधारणलाई छ आज ।

राजनीति जति व्यावहारिक भयो उति सरल पनि बन्छ । यसलाई जस्तो बनायो त्यस्तै बनिदिन्छ । सरल बनाउन खोजे सरल बन्छ जटिल बनाउन खोजे जटिल । इमान र निष्ठाको जनकेन्द्रित राजनीति गर्नेहरूले राजनीतिलाई सहज र सरल बनाउँछन् जस्तो तिनको जीवनशैली हुन्छ । तर अहिले राजनीति यति खराब र अव्यावहारिक बनेको छ कि यसको बयान गरी साध्यै छैन ।

हाम्रो राजनीति किन यति धेरै अव्यावहारिक बन्दैछ त ? यसका कारण छन् र सुल्झाउने तरिकाहरू पनि । तर हाम्रा राजनीतिज्ञहरूको ध्यान त्यसतर्फ गइरहेको छैन । राजनीतिमा लागेका नयाँ/पुराना सबैको ध्यान सिंहदरबारदेखि वडाका पद हत्याउन केन्द्रित भएका छन् । अर्थात् सिद्धान्त मरेको छ, पदमोहको जगजगी बढेको छ । हरेकलाई पद चाहिएको छ । पद विनाको राजनीति आजका नेपालीलाई राजनीति नै हो भन्ने लाग्दैन ।

हारोस् कि जितोस्, जनताको सेवा गरेको होस् कि जनतालाई छक्याउने र आफ्नै दुनो मात्र सोझ्याउने काम गरेको किन नहोस् सबैलाई जसरी नि टिकट चाहिएको छ, पदमा पुग्ने जिजीविषा पलाएको छ । यसले राजनीतिलाई अव्यावहारिक मात्र बनाउँदैन कलुषित र भ्रष्ट पनि बनाउँछ ।

जनसेवाको लागि कल्पना गरिएको र अभ्यास हुँदै आएको राजनीतिलाई वैश्य युगले खर्लप्पै पारेको छ । पैसाको बिटो नबोकी आज नेपालमा कुनै पनि दलका कुनै पनि नेता वा स्वतन्त्र भनी मतदातामाझ स्वाङ पारिरहेका कोही पनि चुनावी मैदानमा जान सक्ने स्थिति छैन । पैसा नै पदमा पुग्ने सहारा बनेको छ । पैसा भयो भने जस्ताले पनि पार्टीको टिकट पाउने र चुनाव उठ्न सक्ने परिस्थिति जुन बनेको छ यो लोकतन्त्रका लागि घातकसिद्ध हुँदैछ ।

हामीले चाहेको र अपनाएको लोकतान्त्रिक राजनीतिका केही मूलभूत विशेषताहरू छन् । पदमा रहेर राजनीति गर्नेले हुन् कि पदबाहिर रहेर यसप्रति शुभेच्छा राख्नेहरूले हुन् प्रथमतः राजनीतिक संस्कार भुल्नुहुँदैन । अहिले राजनीतिक संस्कार शून्यतर्फ ओरालो लाग्दैछ । राजनीतिबाट सेवा र संस्कार भन्ने मूल तत्व हराएको छ । राजनीति पद, प्रतिष्ठा र पैसाको लागि विना लगानीको उर्वर उद्योगमा परिणत भएको छ ।

### राजनीति किन अव्यावहारिक बन्छ ?

**संस्थाहरूको क्षयीकरण** : जब कुनै पनि मुलुकमा स्थापित लोकतान्त्रिक संस्थाहरूमा ह्रास आउँछ तब राजनीति अव्यावहारिक बन्ने क्रम शुरू हुन्छ । राजनीतिक दल भन्नुस् कि सरकार यसमा संलग्नहरूले लोकतान्त्रिक संस्थाहरूको साख गिराउनाले नै राजनीति भ्रष्ट बन्न पुग्छ । संसद् भन्नुस् कि अदालत अर्थात् अख्तियार भन्नुस् कि निर्वाचन आयोग वा महालेखा परीक्षक सबैले स्वतन्त्र भएर काम गर्न सके मात्र लोकतन्त्रको गरिमा जोगिन्छ । जब यी संस्थाहरूले मुलुकको विद्यमान संविधान, ऐन, कानुनको बर्खिलाप कार्यकारीसित साँठगाँठ गर्न थाल्छन् लोकतान्त्रिक राजनीतिको अन्त्य अवश्यंभावी हुन्छ ।

अहिले हाम्रो मुलुकमा उल्लिखित संस्थाहरुले स्वतन्त्र रुपमा निर्णय गर्ने क्षमता राख्छन् त ? यी संस्थाहरु दलविशेष, कार्यकारीविशेष, नेताविशेषको मुख हेरेर आफ्नो फाइदा, बेफाइदाको हिसाबकिताब गरेर मात्र निर्णय गर्दैछन् । त्यसैले यहाँ लोकतान्त्रिक संस्थाहरु चाहे सरकारी हुन् कि नागरिक तहमा स्थापित भएका हुन् ती सबै कसै न कसैको कठपुतली बनेका छन् ।

**अपराध र राजनीतिको गठजोड** : जब राजनीतिमा अपराधको छायाँ पर्छ तब राजनीति भयाक्रान्त बन्न पुग्छ । २०५२ सालयता हाम्रो मुलुकको राजनीतिमा हिंसाको छायाँ मडारिन थाल्यो । चाहे त्यो विद्रोही माओवादी पक्षबाट होस् या राज्य सिर्जित प्रतिरोधात्मक हिंसाका वारदातहरु किन नहोस् । संविधानसभा एक र दुई, संविधानसभाबाट संविधान घोषणा पश्चात् सम्पन्न संघीय र प्रादेशिक सभाको निर्वाचनमा अपराध कर्ममा जोडिएकाहरुको प्रवेश र विजयसँगै आज ‘राजनीति हो कि अपराध’ हो भन्ने छुट्याउन नसकी सर्वसाधारणले अन्योलमा पर्नु परेको अवस्था छ ।

विभिन्न पेशामा लागेर राज्यलाई ठगेका र प्रशस्त कालो धन आर्जन गरेकाहरु पनि नेताका वरिपरि पुग्नु, निर्वाचनमा सहभागी हुनु, टिकट खरिद-बिक्रीको दुष्चक्रमा निर्वाचन प्रणाली मनी, मसल र मुस्तण्डेहरुको कब्जामा पुग्नु लोकतान्त्रिक गणतन्त्रको विशेषता जस्तै बन्न पुगेको छ । यदि अपराधको छायाँबाट राजनीतिलाई अलग राख्न नसक्ने हो भने लोकतान्त्रिक गणतन्त्रमा ग्रहण लाग्ने निश्चित छ ।

**व्यक्ति हिरो बन्ने होड** : लोकतान्त्रिक राजनीतिमा व्यक्तिहरु आउने जाने भइरहन्छ । राजनीतिक नेताहरूले एक आवधिक निर्वाचनपछि अर्को आवधिक निर्वाचनमा जनताबाट अनुमोदित हुनुपर्छ । त्यसो हुन नसके उनीहरूको राजनीतिक यात्र त्यहीं विराम लाग्न पुग्छ । त्यो ठाउँमा अर्कै व्यक्ति निर्वाचित भएर आउँछ र जनताको सेवा गर्छ । तर राज्यमा गठित संस्थाहरूले भने निरन्तर पारदर्शी बनेर जनताको सेवा गरिरहेका हुन्छन् । यदि त्यस्ता संस्थाहरुले निष्पक्ष काम गर्न सकेनन् भने बेथिति र भ्रष्टाचारले पूरै समाजलाई आहत बनाउँछ । लोकतान्त्रिक व्यवस्थाभित्रै विभिन्न चण्डमुण्डहरु जन्मिन्छन् । र, तिनले आफूलाई जनताका यावत् समस्याको रामवाण बताउँदै दोष जति अरूका थाप्लामा थोपरेर आफू हिरो बन्ने होडबाजी चल्छ । अहिले हाम्रो अवस्था यस्तै छ ।

यदि नेतृत्वले इमानदार भएर व्याप्त भ्रष्टाचार र बेथिति नियन्त्रण गर्न समयमा ध्यान दिएन भने रोमाञ्चक राजनीतिको मञ्चमा रमाइरहेकाहरुले सजिलै जनतालाई आफूतिर आकर्षित गर्न र आगामी निर्वाचनमा मतदाताको मन जित्न बेर छैन । त्यसैले अहिलेको समय भनेको लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने नेतृत्वले बेलैमा सचेत, सजग र इमानदार भएर प्रस्तुत हुनु हो । विगतका आफ्नै अराजनीतिक र अव्यावहारिक गतिविधिका कारण भ्रमित र दूषित बनेको राजनीतिक वातावरण सुधार्ने पहिलो कर्तव्य पनि राजनीतिक दल र तिनका नेतृत्वकै हो ।

### परिणाम

ठूलो संख्यामा भ्रमित मास पैदा भएमा राजनीति अव्यावहारिक र जटिल बन्छ । त्यस्तो राजनीतिले लोकतान्त्रिक संस्कार र संस्था दुवैलाई हानि पुऱ्याउँछ । अन्त्यमा लोकतन्त्र नै मासिन सक्छ । अव्यावहारिक राजनीतिले कि त तानाशाह जन्माउँछ कि ‘टेलिजेनिक हिरो’हरु । अनि तिनले समाजको समस्या पार लगाउनुको सट्टा पीडा थप्ने सिवाय केही गर्दैनन् ।

२०४८ सालको निर्वाचनका बखत विद्वान् लेखक सीके प्रसाईको एउटा गहन पुस्तक ‘व्यावहारिक राजनीतिको प्रारम्भिक रूपरेखा’ पढेको थिएँ । उक्त पुस्तकको थालनीमा लेखिएको छ- ‘राजनीतिमा काम गर्ने हामी कार्यकर्ताहरूले एउटा ठूलो कठिनाइको सामना गर्नु परिरहेको छ र त्यो व्यावहारिक राजनीति बारेको साहित्यको ठूलो अभाव । यस अभावको अनुभव मलाई र मेरा कतिपय साथीहरूलाई हुँदै आएको हो ।’ ३३ वर्षअघि सीके प्रसाई र उनका साथीहरूले गरेको व्यावहारिक राजनीति बारेको साहित्यको अभाव आज झनै बढेर गएको छ ।

अहिले चर्को राजनीतिक साहित्यको जमाना हो । यहाँ नम्र, विनयशील र इमानदार राजनीतिक साहित्य दुब्लाउँदै गइरहेछ । मिडियामा जताततै चर्काचर्का राजनीतिका कुरा बोल्ने र लेख्नेहरूको मात्र बजारमा भाउ छ । सरल, सौम्य र शिष्ट भाषामा बोलिएका र लेखिएका राजनीतिक यथार्थ झल्कने राजनीतिक साहित्यिक साहित्यप्रति धेरैलाई रुचि छैन । जब राजनीतिक साहित्य नै अव्यावहारिक राजनीतिको ‘रेसिपी’ पस्किरहेका छन् भने त्यहाँ व्यावहारिक राजनीतिको खोजी गर्नु भनेको मरुभूमिमा झरनाको चिसो पानी खोजे सरह हुन्छ ।

राजनीतिलाई सरल बनाउने कि जटिल ? अँधेरा कोठाहरूमा रचिने कुटिल चालहरुको गाथा बनाउने कि सफेद, सरल र व्यावहारिक बनाउने कि भ्रष्ट र अव्यावहारिक ? कस्तो राजनीतिक भविष्य निर्माण गर्ने हो ? राजनीतिक क्षेत्रका प्रत्यक्ष र अप्रत्यक्ष सबै खेलाडीहरू सचेत हुनुपर्ने अवस्था टड्कारो छ ।

अहिले हामी लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं । स्वरुपमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं । राजनीतिक दलहरु वा निर्वाचित प्रतिनिधिहरुको हातमा मुलुकको शासनसत्ता रहेको छ । यस्तो अवस्थामा पनि राजनीति थप भ्रष्ट र अव्यावहारिक बन्दै जानु दुःखद् हो । राजनीतिमा सेवाभाव मरेको छ, यसलाई कमाइखाने भाँडोमा रुपान्तरण गरिएको छ ।

राजनीतिकर्मी, कर्मचारी र बिचौलियाहरुको त्रिकोणात्मक मिलीभगतमा मुलुकको ढुकुटी मनपर्दी गर्नेहरुको हालीमुहाली र दबदबाले समाज आक्रान्त बन्न पुगेको छ । किनकि, यी तीनैथरी तत्व संविधान, ऐन, कानुनको छिद्रबाट छिरेर बदमासी गर्न उद्यत रहेकोले सबैभन्दा पहिले संविधान र ऐन, कानुन विपरीत काम गर्ने जो-कोहीलाई कारबाहीको दायरामा ल्याउन सशक्त लोकतान्त्रिक संस्थाहरू अग्रसर हुनु आवश्यक छ ।

हाम्रो वर्तमान समस्या भ्रष्टाचार नियन्त्रण र सुशासन बहालीको हो न कि व्यवस्था परिवर्तन । तर सुशासन बहाली कसले गर्ने ? अहिले परिस्थिति ‘बिरालोलाई घण्टी झुण्ड्याउने को ?’ भन्ने कथाको जस्तो छ । *(स्रोतः अनलाईनखबर)*

# ‘ब्रेन ड्रेन’ कि ‘लेबर ड्रेन’ ?



**डा. अतीन्द्र दाहाल**

राजनीतिक परिवर्तनका अनेकौं शृंखलापछि पनि देशले विकासको अपेक्षित गति लिन नसकेकामा सबैलाई चिन्ता छ । सरकार र सत्तासीन नेतृत्व परिवर्तन त भयो, तर नागरिकको आर्थिक अवस्था सुधारिएन, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषय व्यापार बन्न गए । त्यसैले समाजमा मनोवैज्ञानिक अमनचयन कायम हुन नसक्दा देशको उन्नयनमा ह्रास आएको भन्दै आम नैराश्यता अकासिँदो छ ।

इतिहासको कुनै कालखण्डमा छिमेकी देश भारत र चीनभन्दा हाम्रो अवस्था निकै सबल थियो भन्ने देखिन्छ । हामीकहाँ प्रजातन्त्र आउँदा भारत र चीन क्रमशः बेलायती उपनिवेश र मन्चु वंशको अप्रजातान्त्रिक तानाशाही शासन शैलीबाट मुक्त भएको धेरै भएको थिएन ।

दक्षिण एसियाका अन्य धेरै देश उस्तै परिस्थितिबाट गुज्रिएको देखिन्छ, तर पछिल्लो तीन दशक जसरी अन्य देशले परिवर्तन र प्रगतिको बहाव निर्माण गरे, त्यसको तुलनाामा हामी अलिक दूर र दुर्गममै रहेका छौं । यसमा स्वयं हरेक दलका आधारदेखि उच्च तहका सबै नेता सहमत भएको सुनिन्छ ।

लोककल्याणकारी राज्य निर्माण र विकासको गतिशीलता सबै राजनीतिक दलका नेता तथा वक्ताले अनवरत रूपमा उठान गरेको विषय हो । देश निर्माणका लागि अब विदेश गएर बसेका क्षमतावान् व्यक्तिलाई देशमा फर्काउनुपर्छ भन्ने सुगा रटान सबैतिर सुनिन्छ । देशको विकासले गति नलिनुमा बौद्धिक पलायन (ब्रेन ड्रेन) प्रमुख रहेको मानिन्छ । किनकि पछिल्ला केही दशकमा नेपालबाट बिदेसिनेको बहाव निकै उच्च छ ।

पछिल्लो तथ्यांकले लगभग ५० लाख नेपाली विदेशमा रहेको देखाउँछ । अहिले विभिन्न बहाना र चाहनामा दैनिक दुई हजार व्यक्तिले वैदेशिक यात्रा तयार गर्छन् । विश्व बैंकको पछिल्लो प्रतिवेदन अनुसार, नेपालको व्यक्तिगत रेमिट्यान्स जीडीपी अनुपात संसारकै उच्च छ ।

धेरै ठुलो संख्यामा मानिस विदेश गएको सत्य हो । देशका अधिकांश उच्च शैक्षिक संस्थामा विद्यार्थीको आकर्षण र चापमा गम्भीर गिरावट आएको छ, तर अधिक मानिस बिदेसिएको र सबैमा विदेश मोह व्याप्त भएकाले नै देशमा बौद्धिक पलायनता छ, अनि यो नै अहिलेको समस्या हो भन्ने सम्झनुचाहिँ सानदार भ्रममा बाँच्नु मात्र हो ।

### सानदार भ्रम

बिदेसिएका सबैलाई ब्रेन ड्रेन मान्न सकिँदैन । त्यहाँ गएका अधिकांशले ब्रेन (दिमाग)को स्तरमा योगदान गरेका छैनन् । उनीहरूमध्ये कतिपयलाई औजार अथवा शारीरिक श्रमशक्तिका रूपमा मात्र उपयोग गरिएको छ । यहाँबाट उच्च शिक्षा गर्न गएका भनिएका अधिकांशले त्यहाँ मजदुरी गरेर पनि गुजारा गरेका छन् ।

...बाँकी पृष्ठ ३ मा

# प्रगति माध्यमिक विद्यालयको प्रधानाध्यापकमा पराजुली



नवनियुक्त प्रधानाध्यापक किशोर पराजुली (बीचमा) सँगै सहायक प्रधानाध्यापक ज्योति न्यौपाने (बायाँ) र सुदीप पौड्याल (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयको प्रधानाध्यापकमा किशोर पराजुली नियुक्त हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिको कात्तिक ३० गते बसेको बैठकले मंसिर २ गतेदेखि लागु हुने गरी पराजुलीलाई प्रधानाध्यापकको जिम्मेवारी दिने निर्णय गरेको हो । व्यवस्थापन समितिको निर्णयअनुसार आइतबार पराजुलीले प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएको छ । यसअघि पराजुली सहायक प्रधानाध्यापक हुनुहुन्थ्यो ।

यसअघिका प्रधानाध्यापक निरञ्जनप्रसाद ढकालले स्वेच्छिक अवकास लिनुभएपछि विद्यालय व्यवस्थापन समितिले पराजुलीलाई प्रधानाध्यापक नियुक्त गरेको हो । ढकाल २०७२ साल जेठ १ गतेदेखि प्रधानाध्यापकको जिम्मेवारीमा हुनुहुन्थ्यो । शिक्षक सेवा आयोगले लिएको परीक्षामा माध्यमिक तह अंग्रेजी विषय शिक्षकको रुपमा २०७१ साल भदौमा हेटौंडा-११, नवलपुरस्थित त्रिभुवन माविमा नियुक्त हुनुभएका पराजुली २०७२ भदौदेखि प्रगति माध्यमिक विद्यालयमा सरुवा भएर आउनुभएको थियो । पराजुलीले २०७५ साल बैशाक २ गतेबाट सहायक प्रधानाध्यापकको जिम्मेवारी पाउनुभएको थियो ।

२०५२ सालमा हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएका पराजुलीले दश जोड दुई तह र स्नातक तह हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसबाट पूरा गर्नुभएको हो । स्नात्तकोत्तर तहको शिक्षा काठमाडौं, ताहाचलस्थित महेन्द्ररत्न क्याम्पसबाट पूरा गर्नुभएका पराजुली अहिले नेपाल खुला विश्वविद्यालयबाट एमफील तहको अध्ययन गरिरहनुभएको छ । हेटौंडा-८, कमाने निवासी किशोर पराजुली प्रधानाध्यापक बन्दै गर्दा तयार पारिएको कार्ययोजनाअनुसार विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा काम गर्ने बताउनुहुन्छ । प्रधानाध्यापकसँगै सहायक प्रधानाध्यापकमा ज्योति न्यौपाने र सुदीप पौड्यालले जिम्मेवारी पाउनुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने प्रगति माध्यमिक विद्यालयमा एक हजार दुई सय ७५ जना विद्यार्थी अध्ययनरत छन् ।

# वार्षिकोत्सवका आमन्त्रित सबैलाई पुस्तक उपहार १



हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाललाई पुस्तक उपहार दिनुहुँदै सम्पादक श्रेष्ठ ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशन भइरहेको समृद्ध समाज राष्ट्रिय दैनिकको १५ औं वार्षिकोत्सवको अवसरमा आमन्त्रित सबै अतिथिलाई उपहारस्वरुप पुस्तक प्रदान गरिएको छ । पठन संस्कृतिको विकास गर्न समाचारपत्रको वार्षिकोत्सवको अवसरमा ४ वर्षदेखि यस्तो अभ्यास गर्दै आएको छ । छापा माध्यमको रुपमा समाचारपत्र पढ्नुपर्ने र सामान्य जीवनमा पनि पठन अभ्यास जरुरी रहेकाले वार्षिकोत्सवको अवसरमा आमन्त्रित सबै अतिथिलाई उपहारस्वरुप पुस्तक प्रदान गरिएको सम्पादक सुरेश श्रेष्ठले जानकारी दिनुभएको छ ।

शनिबार समृद्ध समाजको १५औं वार्षिकोत्सवको अवसरमा होटल एभोकाडो एण्ड अर्किट रिसोर्टमा आयोजित समारोहमा उपस्थित करिब २ सय जनालाई पुस्तक उपहार दिइएको छ । अनौपचारिकरुपमा सञ्चालन गरिएको कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिको रुपमा आसन ग्रहण र भाषणको कार्य भएन । कार्यक्रममा सहभागीले नै एक-आपसमा पुस्तक आदान-प्रदान गरेका थिए । २०७८ सालमा हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा समृद्ध समाज राष्ट्रिय दैनिकले आमन्त्रित अतिथिलाई पुस्तक वितरण गरेको थियो । २०७९ सालमा समृद्ध समाज राष्ट्रिय दैनिक आफैंले पुस्तक वितरण गरेको थियो । गत वर्ष आमन्त्रित सबैलाई पुस्तक उपलब्ध गराउन आग्रह गरेर प्राप्त पुस्तकमा थप पुस्तक समावेश गरी हेटौंडा अस्पताललाई पुस्तक हस्तान्तरण गरिएको थियो ।

यस बर्ष भने उपहारस्वरुप पुस्तक हस्तान्तरणका लागि समृद्ध समाजले हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलसँग सहकार्य गरेको थियो । पठन संस्कृतिको विकासमा विद्यालय तहमै रचनात्मक कार्य गर्दै आएको बालजागृतिसँग सहकार्य गरिएको सम्पादक श्रेष्ठले बताउनुभयो । विद्यालयका प्रिन्सीपल विनोद सुवेदीले भने समाचारपत्रले रचनात्मक काम गर्न लागेको सुनेर खुसी हुँदै सहकार्यका लागि सहमत भएको बताउनुभयो । बालजागृतिले विद्यालय तहमा बालबालिकाको पठन संस्कृतिको विकासमा सक्दो प्रयास गरिरहेको उल्लेख गर्नुहुँदै प्रिन्सीपल सुवेदीले भन्नुभयो, "विद्यार्थीले मात्रै नभई अभिभावक, व्यवसायी, उद्यमी, मजदुर, समाजका हरेक सदस्यले पढ्नुपर्ने भएकोले समृद्ध समाज राष्ट्रिय दैनिकको प्रयासमा हामी पनि साथै रहेको जनाउन सहकार्य गरिएको हो ।" समृद्ध समाजले विभिन्न विधा, विषय र शीर्षकका पुस्तक उपलब्ध गराएको थियो ।

# चार्जिङ स्टेशन सञ्चालनमा



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, पशुपति मन्दिर अगाडि पशुपति ईभी चार्जिङ स्टेशन सञ्चालनमा आएको छ । यातायात व्यवसायी वेश खड्कीले चार्जिङ स्टेशन सञ्चालनमा ल्याउनुभएको हो । हाम्रो ईभी सेवा समेत सञ्चालन गर्दै आउनु भएका खड्कीले आफ्नै विद्युतीय गाडी चार्जिङ गर्ने र अन्य निजी तथा भाडाका विद्युतीय गाडी चार्ज गरेर व्यवसाय समेत हुने भएपछि चार्जिङ स्टेशन सञ्चालनमा ल्याइएको बताउनुभयो ।

करिब ३५ लाख रुपैयाँ लागतमा आफ्नै स्वामित्वको डेढ कट्ठा जमिनमा चार्जिङ स्टेशन स्थापना गरिएको उहाँले जानकारी दिनुभयो । ६ वटा चार्जिङ युनिट रहेको चार्जिङ स्टेशन २४ घण्टा सञ्चालनमा रहनेछ । झण्डै दुई दशक हेटौंडा-भीमफेदी-काठमाडौं छोटो मार्गमा डिजलबाट चल्ने सुमो सेवा सञ्चालन गर्दै आउनुभएका खड्कीले दसैं अघि मात्रै सुमो विस्थापित गरी ९ वटा ईभी सञ्चालनमा ल्याउनुभएको हो । पछिल्लो समय देशव्यापी विद्युतीय साधनको प्रयोग बढ्दै गएको छ भने चार्जिङ स्टेशन पनि निजीक्षेत्रबाट सञ्चालनमा आउने क्रम बढेको छ । पशुपति ईभी चार्जिङ सेन्टरमा यात्रुका लागि खाजा, खाने होटलका साथै चालकलाई विश्रामस्थल समेत व्यवस्था गर्ने सञ्चालन खड्कीले बताउनुभएको छ ।

# उपयोगी सहस्राब्दीको अध्यक्षमा विडारी



नयाँ समिति चयनपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ स्थित उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार हेटौंडा-११ स्थित नवलपुर पार्टी प्यालेसमा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्य तथा सहकारीका अध्यक्ष दिनेश विडारीको सभाध्यक्षमा वार्षिक साधारणसभा भएको हो ।

साधारणसभाबाट विडारीकै अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरीवेक्षा समिति सर्वसम्मत चयन भएको छ । आइतबार दिउँसो नयाँ सञ्चालक समिति चयन गरिएको हो । सञ्चालक समितिको उपाध्यक्षमा यज्ञबहादुर आचार्य, सचिवमा रामेश्वर नगरकोटी, कोषाध्यक्षमा लक्ष्मी मैनाली चयन हुनुभएको छ । साधारणसभाबाट सदस्यमा अर्जुनबहादुर मिश्र, रिता सिवाकोटी बर्तौला, विशालदीप कप्रौला, लक्ष्मी पुडासैनी र रामेश्वर फुयाँल चयन हुनुभएको छ । लेखा सुपरीवेक्षण समितिको संयोजकमा पवन पण्डित, सदस्यमा रविन मिश्र र रञ्जिता केसी चयन हुनुभएको छ ।

साधारणसभामा सहकारीका अध्यक्ष दिनेश विडारीले सहकारीको करिब ११ करोड रुपैयाँ भन्दा बढीको कारोबार गरेको जानकारी दिनुभएको छ । १ हजार ९ सय १७ जना सेयर सदस्य रहेको सहकारी संस्थाको सेयर पूँजी करिब १ करोड ३० लाख रुपैयाँ रहेको उहाँले बताउनुभयो । साधारणसभामा कोषाध्यक्ष र सचिवले प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा वडा अध्यक्ष जुना दाहालको पनि आतिथ्य रहेको थियो ।

## 'ब्रेन ड्रेन' कि...

श्रमशक्तिका रूपमा विदेश जाँदा सामाजिक रवाफमा कमी हुने अनि आप्रवासन प्रक्रिया असहज हुन सक्ने कारण पनि पढ्न भनेर बिदेसिनेको संख्या बढेको हो, तर अधिकांश मजदुरी गर्न नै गएका हुन् र त्यही गर्छन् ।

साँच्चै दिमागको योगदान गर्ने र बौद्धिक श्रम गरिरहेका व्यक्तिको संख्या भने निकै सानो छ । त्यसरी बौद्धिक श्रम गरिरहेकाको संख्या यहाँ नफर्किंदैमा देशमा उक्त स्तरको बौद्धिकता भएका व्यक्तिको अथवा ब्रेनको खाँचो समेत हुँदैन । एकसे एक विज्ञ, योग्य, काबिल, दक्ष, मूर्धन्य विद्वान् व्यक्तित्वको सघन संख्या अहिले पनि देशमा उपलब्ध छ । देशलाई आवश्यक पर्ने हरेक विधामा उल्लेख्य संख्याको विज्ञता र विद्वता देशमा कायमै छ ।

विदेश गएर जसजसले दिमागी योगदान गरेका छन्, उनीहरुलाई देश छाड्नु परेकामा खासै दुखेसो समेत छैन । बिदेसिनुलाई उपलब्धिका रूपमा हेर्छन् र अभिमान स्वरूप प्रस्तुत गर्छन् । विदेशयात्रा तय भएपछि पार्टी दिन्छन्, युद्ध विजेताजस्तो गरी स्टाटस लेख्छन् । यहाँ बस्नेलाई गालीगलौज गर्दै केही गर्न नसकेको जस्तो गरी प्रस्तुत गर्छन् । श्रीमती, सन्तति र परिवार समेत लिएर गएका छन् । यहाँको सम्पत्ति बेचेर उतै सेटल हुने प्रक्रियामा छन् । निकै कम अथवा शून्य रेमिट्यान्स पठाउँछन् । उनीहरू यहाँ अवसर नपाएर गएका पनि होइनन्, करोडौं खन्याएर गएका छन् । माइकल माथिसेनको पुस्तक 'ब्रेन ड्रेन : बियोन्ड द ग्रिन न्यु डिल एन्ड सर्भाइभल अफ् द हुमन रेस'ले ब्रेन ड्रेनलाई त्यसरी चिन्तित हुनुपर्ने र उपायको अवलम्बनमा समाहित भइहाल्नुपर्ने विषय होइन नै भन्छ ।

हामीकहाँ विज्ञता पलायनभन्दा श्रमशक्तिको पलायन (लेबर ड्रेन)चाहिँ निकै पेचिलो बन्दै छ । आज देशमा सामान्य काम गर्ने श्रमशक्तिको अधिक खाँचो छ । विश्वमा सबैभन्दा बढी विप्रेषण आप्रवाह हुने देश भारत हो । भारतलाई विप्रेषण प्रवाह गर्ने देशको सूचीमा नेपाल सातौं स्थानमा पर्छ । लगभग तीनदेखि चार खर्ब त वार्षिक रुपमा भारतीय मूलका विभिन्न श्रमिकले नेपालबाट मात्र लैजाने गरेको देखिन्छ । यो रकम डाक्टर, प्राध्यापक, प्राविधिक, इन्जिनियर तथा विशेषज्ञ वा विज्ञ ल्याएर पठाएको होइन । देशमा ब्रेनको खाँचो परेर आयात गरिएकामा गएको होइन ।

घर बनाउने मिस्त्री, शैलुन चलाउने व्यक्ति, निर्माण लगायत विभिन्न खालका श्रम बजारमा प्रयोग भएका जनशक्तिको खपतमा प्रवाह भएको हो । लगभग त्यति नै रकम खाद्यान्न आयातबाट समेत जाँदै छ । यसरी खाद्यान्न आयात गर्नुपर्ने बाध्यताका आधार भनेको पनि नेपालबाट भएको श्रमशक्तिको पलायन हो ।

यसरी श्रम शक्तिका लागि पलायन हुनुपरेका चाहिँ देश र परिवारबाट टाढिएर बस्नुपर्दा दुःखी समेत छन् ।


यहाँ पारिवारिक विखण्डन, यौन विचलन, अभिभावकीय सामीप्यतामा संकट लगायत विभिन्न समस्या र असहजता व्याप्त हुँदै छ । श्रमशक्तिका रुपमा बिदेसिएकाको त्यो समूहचाहिँ त्यहाँ पनि साँच्चै पीडामा छ । अधिकांशले गर्ने काम जोखिमयुक्त, तुलनात्मक हिसाबले अनाकर्षक र शोषणपूर्ण (डर्टी, डेन्जरस् र डिस्गास्टिङ) रहेको तथ्यांक देखिन्छ । उनीहरुले दिन-रात पसिना बगाएर नै देशलाई विप्रेषण समेत पठाइरहेका छन् । उनीहरूले त्यहाँ बगाइरहेको श्रमको यहाँ चरम खाँचो पनि छ, तर जसका बारेमा हामी सतही बहसमा छौं, उनीहरु न योगदान गर्छन्, न त उनीहरुको अनुपस्थितिमा देश टाट नै पल्टिएको छ ।

बिग्रिएर सुध्रँदै गरेको मानिसमाथि सहानुभूति र हौसला राख्ने क्रममा कहिल्यै नबिग्रिएका माथि शोषण अनि नजरअन्दाज किञ्चित सुहाउँदैन । विदेश गएर बसेका केही थान विज्ञ चाहिँ देशका लागि भगवान् नै हुन्छन्, उनीहरू फर्किएपछि देशमा जादुमयी परिवर्तन भइहाल्छ भनेर अति प्रशंसाको पुलिन्दा बोकेर हिँड्नु भनेको यही बसेर देशलाई सकेको योगदान गरौं भन्ने कर्तव्य परायण विज्ञ समूहमाथि मानसिक तनाव र दुर्व्यवहार होइन र ?

प्रवासी समूहले नेतालाई पटकपटक विदेश यात्राको चाँजोपाँजो मिलाउँछन् । त्यहाँ जाँदा भ्रमण अनि आतिथ्यको प्रबन्ध साथै यदाकदा उपहार तथा कोसेलीपात पनि प्राप्त होला । यसैले हाम्रो नेतृत्वमा विज्ञता पलायन भनिएको बिदेसिएका समूहप्रति अनावश्यक आकर्षण निर्माण भएको छ भनेर पनि आरोप लाग्ने गर्छ । अथवा देशको खास आवश्यकता पनि अध्ययन गरिएको छ कि छैन भन्ने हेर्नुपर्छ । पछिल्लो समय कुल गार्हस्थ्य आवश्यकता (ग्रस डोमेस्टिक रिक्वायरमेन्ट) भन्ने शब्दावली विकासका सिद्धान्तमा अधिक प्रयोग हुने गरेको छ । हाम्रो देशलाई आवश्यकता चाहिँ ती श्रम-बजारमा बाहिरिएकाको बढी छ ।

दिमागी श्रम गर्न बाहिरिएकाको देशमा योगदान तथा उनीहरूको अभावमा समाजलाई नोक्सानी दुवै लगभग शून्य छ, तर जो मानिस श्रम बजारमा खपत भएका छन् अथवा श्रम गर्न भनेरै बिदेसिएका छन्, उनीहरुको अभावमा देशले बहुपक्षीय नोक्सानी भोग्दै छ । देश चलाउन योगदान पनि उनीहरुकै छ । तसर्थ बौद्धिकता पलायनको बहस केवल बौद्धिक विलास हो । उनीहरुलाई देश फर्किन निरुत्साहित नै गर्नु हुँदैन, तर अबको बहस लेबर ड्रेन (श्रमशक्तिको पलायन) माथि होस् र हुनुपर्छ । उनीहरु छलफल र व्यवस्थापनको प्राथमिकतामा पर्नुपर्छ । बौद्धिक पलायनभन्दा पनि श्रमशक्ति पलायन हाम्रो चुनौती हो, देशको ब्रेन यतातिर केन्द्रित हुनुपर्छ ।

(स्रोतः रातोपाटी)



# विद्यालयबाट बिदाई हुँदै गर्दा छात्रवृत्ति अक्षयकोषलाई सहयोग


विद्यालयबाट बिदाई हुँदै गर्नुभएका प्रधानाध्यापक निरञ्जनप्रसाद ढकाल ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक निरञ्जनप्रसाद ढकालले ३७ बर्षे शिक्षण पेशाबाट स्वेच्छिक अवकास लिएर विद्यालयबाट बिदाई हुँदै गर्नुहुँदा विद्यालयको छात्रवृत्ति अक्षयकोषमा सहयोग गर्नुभएको छ । प्रधानाध्यापक ढकालले विद्यालयको छात्रवृत्ति अक्षयकोषका लागि एक लाख २५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ ।

आइतबार विद्यालयमा आयोजित बिदाई कार्यक्रममा उहाँले विद्यालयको छात्रवृत्ति अक्षयकोषमा सहयोग गर्नुभएको हो । ढकाल २०४४ सालमा निम्न माध्यमिक विद्यालय तहको शिक्षणको रुपमा नियुक्त हुनुभएको थियो । २०६० सालमा माध्यमिक तहको नियुक्ति पाउनुभएका ढकाल २०७२ साल जेठ १ गतेदेखि प्रगति माध्यमिक विद्यालयको प्रधानाध्यापक हुनुहुन्थ्यो । २०८२ साल बैशाख महिनासम्म सेवाअवधि रहे पनि ढकालले कात्तिक ३० गतेदेखि लागु हुने गरी स्वेच्छिक अवकास दिनुभएको हो । ढकाल मकवानपुर जिल्लाकै एक मात्र मावि तह प्रथम श्रेणीका शिक्षक हुनुहुन्थ्यो ।

प्रधानाध्यापक ढकालसँगै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र लामिछाने र राम विष्टले पनि छात्रवृत्ति अक्षयकोषमा सहयोग गर्नुभएको छ । लामिछाने र ढकालले समान एक लाख एक हजार एक सय एक रुपैयाँ सहयोग गर्नुभएको नवनियुक्त प्रधानाध्यापक किशोर पराजुलीले जानकारी दिनुभयो । प्रधानाध्यापक पराजुलीका अनुसार प्रगति माध्यमिक विद्यालयले स्थापना गरेको छात्रवृत्ति अक्षयकोषमा १० लाख रुपैयाँ जम्मा भएको छ । विद्यालयले विपन्न, जेहेन्दार, सीमान्तकृत समुदायका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

# राष्ट्रिय तेक्वान्दोमा मकवानपुर तृतीय



प्रतियोगितामा सहभागी मकवानपुर जिल्लाका तेक्वान्दो खेलाडी ।

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा मकवानपुर तृतीय भएको छ । लामजुङ जिल्लाको आयोजनामा भोर्लेटारमा भएको प्रथम संस्करणको मेयर कप राष्ट्रिय तेक्वान्दोमा मकवानपुर तृतीय भएको हो ।

प्रतियोगितामा सहभागी भएका मकवानपुरका इच्छा वशिष्ठले दुई वटा स्वर्ण, आरुषी पराजुली र आरुष थापाले १/१ स्वर्ण र काँस्य, आदित्या ढकाल, प्रिन्सप ढकाल र सौगात डिम्बुङले १/१ वटा स्वर्ण पदक प्राप्त गरेका छन् । श्रियान्सी पोखरेलले, समृद्ध भण्डारी, प्रतीक तिमल्सिना, आर्यन चौधरी, सागर डिमडुङ, ईच्छा बिष्ट, जिदान बानियाँ, आशिष घिसिङ र निकूस त्रिपाठीले रजत पदक प्राप्त गर्न सफल भएका छन् ।

प्रतियोगितामा काठमाडौं महानगर पालिकाको टिमले उपाधि जित्दा रुपन्देही जिल्ला उपविजेता बन्न सफल भएको थियो भने चन्द्रगिरीको टिम चौथोस्थानमा सीमित भएको थियो । ४ सय ३६ जना खेलाडीहरुको सहभागिता रहेको प्रतियोगितामा गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष खड्ग बहादुर गुरुङ, सचिव तेज कुँवर मुख्य सहयोग रहेको थियो ।

राष्ट्रिय तेक्वान्दो संघ नेपालको केन्द्रीय सचिव सुवास तामाङ, संजयलाल श्रेष्ठ, केन्द्रीय सदस्य नारायण सिंह थिङको उपस्थितिमा भएको उद्घाटन कार्यक्रममा बागमती प्रदेशबाट सचिव भोजराज पराजुलीको पनि उपस्थिति रहेको थियो । प्रतियोगितामा सहभागीका लागि हेटौडा उपमहानगरपालिकाले करिब ५० हजार रुपैयाँको बजेट सहयोग गरेको छ ।

# हेटौँडाका साइकलयात्री महाकाली पुगे

समाज संवाददाता

हेटौँडाः मेची-महाकाली राष्ट्रिय साइकल यात्री हेटौँडाको हिमालयन राइडर्स सोसाइटीका सदस्य समूह महाकाली पुगेका छन् । मेची पुलबाट मेची-महाकाली राष्ट्रिय यात्रा सुरु गरेका हिमालयन राइर्डस सोसाइटीका ३ जना सदस्य महाकाली पुगेका हुन् । 'जलवायु परिवर्तन, न्यायका लागि साइकल' भन्ने लक्ष्यसहित कात्तिक २४ गतेबाट यात्रा सुरु गरिएको थियो ।

हेटौँडा-१८, हर्नामाडीका बरुण खतिवडा, हेटौँडा-८, कमानेका कृष्णप्रसाद आचार्य र हेटौँडा-७, नागस्वतीका पृथ्वी बहादुर रायमाझी सोमबार दिउँसो करिब १ बजे महाकाली पुग्नु भएको हिमालयन राइर्डस सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ । "राष्ट्रका लागि साइकल र स्वास्थ्यका लागि साइकल" भन्ने नारालाई सार्थक बनाएर साइकलयात्रा गरेका ३ सदस्यीय समूह १० दिनमा महाकाली पुगेको हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरले बताउनुभयो । कमानेका सबैभन्दा अधिक ६९ बर्षका कृष्णप्रसाद, ५७ वर्ष उमेर समूहका वरुण खतिवडा र ६२ बर्ष उमेर समूहका पृथ्वी रायमाझी भोलि मंगलबार हेटौँडा फर्कनुहुने अध्यक्ष राजु थापा मगरले बताउनुभयो । साइकल चलाउनाले वातावरणको पनि संरक्षण गर्ने भएकोले यसको छुट्टै महत्व हुने हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगर बताउनुहुन्छ ।

# जेसीआई मकवानपुरगढीलाई फुटबल उपाधि



उपाधिसहित जेसीआई मकवानपुरगढीको टिम ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाको जेसीआई मकवानपुरढीले दोस्रो संस्करणको चैनपूर जेसीज कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । सोमबार मनहरी गाउँपालिका वडा नम्बर-४ स्थित गोलघर खेलमैदानमा भएको फाइनल खेलमा हेटौँडा-१९, वस्तीपुरस्थित एफसी परेलीलाई १-० गोलअन्तरले हराउँदै जेसीआई मकवानपुरगढीले उपाधि हात पारेको हो ।

उपाधिसँगै जेसीआई मकवानपुर गढीले एक लाख ११ हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता एफसी परेलीले ५१ हजार एक सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । जेसीआई मकवानपुरगढीको जीतमा गणेश हमालले दोस्रो हाफको २५ औं मिनेटमा निर्णायक गोल गरे ।

म्यान अफ म्याच निर्णायक गोलकर्ता गणेश हमाल घोषित भए । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै मकवानपुरगढीका डिफेन्डर कुलदिप कार्कीले नगद ७ हजार ५ सय रुपैयाँ र ट्रफी प्राप्त गरेका छन् । मकवानपुरगढीका बिम्ब मगर उत्कृष्ट डिफेन्डर, भीम लामा उत्कृष्ट प्रशिक्षक र रोशन पहारी उत्कृष्ट मिडफिल्डर घोषित हुँदा एफसी परेलीका सलिल ढकाल उत्कृष्ट फरवार्ड घोषित हुँदै जनही ३ हजार ५ सय रुपैयाँ र ट्रफी प्राप्त गरेका छन् ।

मनहरी गाउँपालिकाको सहयोग तथा ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको थियो । शुक्रबार भएको सेमीफाइनल खेलमा एफसी नमोबुद्धलाई २-१ गोलअन्तरले हराउँदै जेसीआई मकवानपुरगढीले फाइनलमा यात्रा तय गरेको थियो भने शनिबार भएको दोस्रो सेमीफाइनल खेलमा मनहरी-५ लाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै एफसी परेलीले फाइनलको यात्रा तय गरेको थियो ।

चैनपूर जेसीजका अध्यक्ष रवीन ढकालको सभाध्यक्षमा तथा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । पुरस्कार वितरण समारोहमा विभिन्न खेल क्षेत्रमा आवद्ध भएका पदाधिकारी र चैनपूर जेसीजका निवर्तमान अध्यक्ष गणेश दर्पण अधिकारीको पनि उपस्थिति रहेको थियो । गत वर्ष भएको पहिलो संस्करणको उपाधि बागमती प्रदेश प्रहरी गण हेटौँडाले जितेको थियो ।

# राष्ट्रपति रनिङशिल्डको उपाधि जनकल्याणलाई

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिकामा भएको थाहा नगरपालिका अन्तर माविस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि जनकल्याण माध्यमिक विद्यालयले जितेको छ । कार्तिक २९ गते सुरु भएर मंसीर १ गते शनिबार सम्पन्न भएको सातौं संस्करणको अन्तर माविस्तरीय राष्ट्रिपति रनिङ शिल्डको उपाधि वडा-३, स्थित जनकल्याण माविले जितेको हो । उपाधि जितेको जनकल्याणले २८ वटा स्वर्ण र १० वटा रजत पदक तथा २५ हजार रुपैयाँको नगद राशि प्राप्त गर्दै उपाधि चुम्न सफल भएको हो ।

उपविजेता विजेता बनेका थाहा-९ स्थित चित्लाङको भैवर माध्यमिक विद्यालयले ८ वटा स्वर्ण, ५ रजत र १ कास्य पदकसहित १५ हजार रुपैया नगद राशि प्राप्त गरेको छ भने २ वटा स्वर्ण, ७ वटा रजत र ९ वटा कास्य पदक सहित थाहा-१ स्थित सुनौलो माध्यमिक विद्यालयले तृतीय स्थानमा चित्त बुझाउँदै १० हजार रुपैयाँको नगद राशि प्राप्त गरेको छ ।

मेयर कप भलिबल प्रतियोगितामा छात्र तर्फ स्वचछन्द भैरव माध्यमिक विद्यालय प्रथम हुँदा छात्रातर्फ मत्स्यनारायण माध्यमिक विद्यालय प्रथम भएको छ । यस्तै मत्स्यनारायण भैरव माध्यमिक विद्यालय छात्रतर्फ द्वितीय हुँदा नाटेश्वरी माध्यमिक विद्यालय छात्रातर्फ द्वितीय भएको छ ।

उपाधि विजेता १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । थाहा नगर खेलकुद विकास समितिका अध्यक्ष टिकाराम स्याङ्तानको सभाध्यक्षमा तथा थाहा नगर प्रमुख विष्णु बहादुर बिष्टको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो ।

## सच्याइएकोः

**मिति २०८१ साल मंसिर ३ गते सोमबार प्रकाशित समृद्ध समाज राष्ट्रिय दैनिकको अंकमा बागमती माध्यमिक विद्यालयको शिक्षक आवश्यकतासम्बन्धी सूचनामा अध्यक्षको मोवाइल नम्बर ९८४५७२२१७६, इमेल ठेगाना bagamati2032@gmail.com हुनुपर्नेमा असावधानीबस अन्यथा हुन पुगेकोले सच्याइएको छ ।**

**सम्पादक ।**

## खुला कविता प्रतियोगिता हुँदै

# प्रथम पुरस्कार ४० हजार रुपैयाँ

समाज संवाददाता

हेटौँडाः प्रदेश युवा परिषद्, बागमती प्रदेशको आयोजना तथा साहित्य संगम मकवानपुरको व्यवस्थापनमा खुला कविता प्रतियोगिता हुने भएको छ । साहित्य संगम मकवानपुरले आइतबार सूचना जारी गर्दै जुनसुकै विषयमा मौलिक कविता रचना गरी मंसिर ८ गते बेलुका ४ बजेसम्म इमेलमार्फत पठाउन सकिने साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिनुभयो ।

प्राप्त हुने कवितामध्ये उत्कृष्ट २० जना प्रतियोगीको कविता छनौट गरिनेछ । ती प्रतियोगीहरुलाई कविता वाचनका लागि आउँदो मंसिर २९ गते सहभागी गराइने बताउनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः ४० हजार रुपैयाँ, ३० हजार रुपैयाँ, २० हजार रुपैयाँ र १० हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

कविता पठाउँदा उमेर खुल्ने आधिकारिक प्रमाणपत्र, र वैयक्तिक विवरण पठाउनुपर्ने, कविता बढीमा एक सय ५० शब्दसम्मको मात्र हुनुपर्नेछ । गत बर्ष पनि खुला कविता प्रतियोगिता आयोजना गरिएको थियो ।

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

**सुरक्षित अन्न भण्डारण गरौं**

- भण्डारण गर्नु भन्दा पहिला अनाजलाई राम्ररी सुकाऔँ,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौँ,
- भकारी वा अन्न राखेको भाँडोलाई भूँईमा नराखौँ, काठ वा फल्याकमाथि राखौँ,
- स्टिल वा टिनका भाँडामा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौँ,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔँ,
- अन्न भण्डारको समय–समयमा निगरानी गरौँ,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ